केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०८/०७२/७३ मिति: २०७२/०७/२४

**इजाजतपत्रप्राप्त "क" वर्गका बाणिज्य बैंकहरु,**

महाशय,

नेपाल सरकारले २०७२ सालको दीपावली तथा छठ पर्वको सार्वजनिक विदाका दिनहरुमा समेत भारत तर्फका भन्सार नाकाहरु खुला राखी आयात सम्वन्धी कार्यलाई निरन्तरता दिने भएको हुँदा नेपाल सरकारको राजस्व संकलन गर्ने तथा सामान आयात सम्वन्धी बैंकिङ्ग सेवालाई उक्त अवधिमा पनि निरन्तर सुचारु गर्नु पर्ने देखिएको छ ।

यसर्थ मिति २०७२/०७/२५ देखि २०७२/०७/२८ सम्म दीपावली र मिति २०७२/०८/०१ गते छठ पर्वको सार्वजनिक विदाका दिनहरुमा समेत भारत तर्फका भन्सार नाकाहरुमा राजस्व संकलन गर्ने बैंकका काउण्टर/शाखाहरु खुला राख्न, बैंकको सर्भर सुचारु राख्न तथा आयातको लागि प्रतितपत्र खोलेका बैंकहरुले भन्सार जाँचपास लगायतका आवश्यक कागजात उपलब्ध गराउन आ-आफ्ना सम्वन्धित कार्यालयहरु खुला राखी बैकिङ्ग सेवा प्रदान गर्न यो निर्देशन जारी गरिएको छ । यस प्रयोजनको लागि विदाको अवधिमा सम्पर्क गर्न केन्द्रीय तहमा सवै बाणिज्य बैंकले एक एक जना अधिकृत तोकि अर्थ मन्त्रालय, भन्सार विभाग र नेपाल राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभागमा तुरुन्त जानकारी गराउन हुन समेत अनुरोध गरिन्छ ।

नेपाल राष्ट्र बैंकको तर्फबाट सम्पर्क व्यक्ति:
निर्देशक श्री बासुदेव अधिकारी
सम्पर्क नं.: ९८५१०९९१९२

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) राजस्व सचिवज्यू, नेपाल सरकार अर्थ मन्त्रालय ।
(२) महानिर्देशकज्यू, भन्सार विभाग ।
(३) नेपाल राष्ट्र बैंक, जिल्लास्थित कार्यालयहरु:
विराटनगर, जनकपुर, विरगञ्ज, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी कार्यालय ।
(४) नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(५) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।